# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.स. ०७८/०७९
च.न. २८४३

मिति : २०७९।०३।३१

श्री वडा कार्यालय सबै,
कमल गाउँपालिका, झापा ।

**विषय : सामाजिक सुरक्षा पचियपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७, को नियम (४) को उपनियम १ मा सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाअन्तर्गतका ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई २०७९ भदौ मसान्तभित्र अनिर्वाय रूपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सूचित गरिन्छ । बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमाबुबा, संरक्षक वा स्याहार सुरसार गर्ने व्यक्तिले निवेदन दिन मिल्नेछ ।

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु ÷

☐ नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

☐ बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि

☐ सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रतिलिपि

☐ विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि

☐ एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस पत्र

☐ न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण

☐ अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

(साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स.ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

२०७९।३।२९

.................................

काशीमान राई
प्रमुख प्रशासकीय अधिकृत

"खुसी राखौं बालबालिकाको मुहार: बालमैत्री कमल समृद्धिको आधार"